बैठक नं. १०/(२०७९-२०८३)/७

आज मिति २०७९ साल चैत्र १७ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री कृष्ण प्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | दल बहादुर घर्ती | अधिकृत छैठौं | |
| २६ | प्रकाश बटाला | अधिकृत छैठौं | |
| २७ | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | |
| २८ | कृति बहादुर थापा | सहायकस्तर पाचौं | |
| २९ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३० | केदार बहादुर कार्की | सहायकस्तर चौथो | |

निर्णयहरुः

१. यस चालु आ.व. को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आफ्नै कार्यालय भवन नभएका (वडा नं. १, २, ५, ६, ७, १०,१२) वडाका कार्यालय भवन निर्माण गर्न वजेट विनियोजन भएकोमा वडा केन्द्रको विवादका कारण वडा नं ६ को कार्यालय भवन बन्न नसक्ने अवस्था देखिएकोले उक्त वडाहरुको भवन निर्माणका लागि बिनियोजित वजेटबाट केन्द्र विवाद नरहेको तथा आफ्नै नाउँमा स्वामित्व तथा जग्गा श्रेस्ता कायम रहेका वडा नं ८ को वडा कार्यालय भवन निर्माण प्रक्रिया अगाडी बढाउने । साथै वडा नं ६ र १० को वडा केन्द्र विवाद निरुपण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७ बमोजिम आवश्यक प्रकृया अगाडी बढाउन उल्लेखित वडाहरुलाई निर्देशन दिने।

२. यस नगरपालिका अन्तर्गतका कतिपय वडा कार्यालय र कृषि तथा पशु सेवा शाखाबाट प्रवाह हुने सेवा विस्तारका लागि स्थापना भएका सेवा केन्द्रका समेत आफ्नै भवन नभई कार्यालय संचालन गर्न समस्या भएकोले घर भाडामा लिई संचालन गर्नु पर्ने भएको र घर भाडामा लिन आवश्यक स्थानमा के कति भाडा तिर्ने भन्ने सम्बन्धमा स्पष्ट दररेट कायम नभएकोले नगरपालिकाको दर रेट कायम नभए सम्मका लागि देहायका वडाहरुमा देहाय बमोजिम घर भाडा दर कायम गर्ने ।

| क्र. स. | वडा नं | कच्ची घर | पक्की घर | कैफियत |
|---|---|---|---|---|
| १. | ग्रामीण क्षेत्र (वडा नं १, २, ५, ६, ७, ८, ९, १०, ११, १२, १३) | ६००० | ८००० | |
| २. | बजार क्षेत्र (वडा नं ३ र ४) | १२००० | १५००० | |

३. नगरपालिका अन्तर्गत वडा कार्यालयका भवन, खोप केन्द्रका भवन, विद्यालयका भवन तथा अन्य सार्वजनिक सडकहरुको निर्माण कार्यमा कार्यालयको स्वामित्वमा रहेको ब्याक–हु लोडर प्रयोग भईरहेको र त्यसरी प्रयोग गर्दा लाग्ने ईन्धनको रकम भुक्तानी गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र र लगबुक तथा प्राविधिक प्रतिवेदनको आधारमा गर्ने । साथै नगरपालिकाबाट संचालन हुने आयोजनाहरुमा संभव भएसम्म नगरिपालिकाको ब्याक–हु लोडर प्रयोग गर्न निर्माण कार्यमा संलग्न उपभोक्ता समिति, प्राविधिक तथा संलग्न निर्माण ब्यवसायिहरुलाई निर्देशन दिने ।

४. नगरपालिका भित्र संचालन भएका खानेपानी तथा सिचाई आयोजनाहरुको लाभग्राहीहरुले निर्माण सम्पन्न योजनाहरुको स्वामित्व लिन र मर्मत संभार तथा दिगोपना सुनिश्चित गर्नका लागि एक पटक योजना निर्माण सम्पन्न भईसकेपछि त्यस्तो स्थानमा कम्तिमा ४ वर्ष सम्म लाभग्राहीहरुले दोहोराएर वजेट माग गर्न नपाउने र माग भई आएमा पनि बजेट बिनियोजन नगर्ने नीति अवलम्बन गर्ने।

५. यस नगरपालिकाको स्थानीय सेवा ऐन २०७९, को दफा ३२ बमोजिम बढुवा तथा स्तर वृदि समितिको रिक्त सदस्य पदमा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कानून अधिकृत सातौं श्री प्रकाश कुमार शाहीलाई मनोनयन गर्ने ।

६. यस नगरपालिका अन्तर्गत वडा नं. २ को वरबारामा गोर्खा वेलफेयर ट्रष्टको प्राविधिक तथा आर्थिक सहयोगमा निर्माणाधिन अवस्थामा रहेको **काफल मेला वरवारा खानेपानी आयोजनामा** श्रमदान बापतको रकम स्किममा प्रदेश सशर्त अनुदानको रु १५ लाख वजेट दोहोरो पर्न गएकोले प्रदेश सशर्त अनुदानबाट

प्राप्त भएको उल्लेखित रु १५ लाख वजेट दोहोरो नपर्ने गरि सोही आयोजनाको अन्य कार्यमा प्रयोग गर्ने र उपभोक्ताहरुसंगको सम्झौता बमोजिम श्रमदान गर्नुपर्ने कार्य श्रमदानबाटै गराउन गोर्खा वेलफेयर ट्रष्ट तथा सम्बन्धित उपभोक्ता समितिलाई निर्देशन दिने ।

७. यस नगरपालिका भित्र संचालन हुने रु १० लाख भन्दा माथिका निर्माण सामाग्री आवश्यक पर्ने पूर्वाधार आयोजनाहरुमा मात्र पेश्की उपलब्ध गराउदै आएकोमा हालको आर्थिक मन्दीको कारण आयोजना निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्री बजारमा सहज रुपमा उपलब्ध हुन कठिनाई भई विकास निर्माण कार्यमा समस्या देखिएकाले अव उप्रान्त नगरपालिकाबाट संचालन हुने सबै पूर्वाधार विकास निर्माणका आयोजनाहरुमा नियमानुसार पेश्की उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

८. यस नगरपालिका र पहाडी क्षेत्र विकास अभियानको साझेदारीमा सम्झौता बमोजिम यस नगरपालिकाको वडा नं. १० को भैरव मा.वि. मा निर्माण हुने ECCD Building को कुल लागत रु २४,८८,७६०।- मध्ये सेभ द चिल्ड्रेनले रु १७,००,०००।- ब्यहोर्ने र नगरपालिकाले रु ७,८८,०००।– (अक्षेरुपी सात लाख अठासी हजार रुपैया मात्र) ब्यहोर्नु पर्ने भएकोले यस चालु आ.व. को समपुरक कोष शिर्षकमा बिनियोजित बजेटबाट उपलब्ध गराउने ।

९. बिभिन्न निकायहरुसंग समन्य तथा सहकार्य गरी कुनै कारणले आपतमा परेका बालबालिका, बालविवाह, यौन दुर्ब्यवहार, हेला, शोषण, अपहेलना र अन्य कारणले जोखिममा परेका बालबालिकाहरुको तत्काल उध्दार तथा सहयोग गर्नका लागि बाल कोष स्थापना गर्न आवश्यक देखिएकोले स्थानीय बाल अधिकार तथा वडा बाल अधिकार समिति संचालन कार्यविधि, २०७९ को बुँदा नं. १२ तथा आपतकालीन वाल उध्दार कोष संचालन कार्यविधि, २०७७ को बुँदा नं. ४(१) बमोजिम बाल कोष स्थापना गर्न कोष संचालन कार्यविधिको बुँदा नं. ११ बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद जैसी र लेखापाल श्री राजेन्द्र बहादुर कठायतको संयुक्त दस्तखतबाट नेपाल बैंक लिमिटेड जाजरकोटमा बाल कोष खाता संचालन गर्ने ।

१०. चालु आ.व. २०७९।८० मा पूर्वाधार विकास कार्यालय जाजरकोट मार्फत संचालन हुने जनता आवास कार्यक्रमका लागि कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम वडा समितिको निर्णयबाट लाभग्राही घरधुरी छनौट गरी सिफारिस सहित पूर्वाधार विकास कार्यालय जाजरकोटमा यथाशिघ्र पठाईदिन वडा नं १, २ र १० वडा कार्यालयलाई जानकारी पठाउने ।

११. नगरपालिका भित्रको ढुङ्गा, गिट्टी, बालुवा विक्री शुल्क बापत प्राप्त हुने राजश्व संकलन तथा असुली सम्बन्धमा राजश्व परामर्श समितिले गरेका निर्णयहरु सम्बन्धमा जानकारी प्राप्त भयो । यति बिल्डर्सले यस अघिका राजश्व परामर्श समिति तथा कार्यपालिकाको निर्णयानुसार नगरपालिकालाई तिर्न बाँकी रहेको ढुंगा, गिट्टी, बालुवाको शुल्क तथा जरिवाना बापतको रकम भुक्तानी नगरेसम्म र क्रेशरको अस्थायी अनुमति नलिएसम्म यस नगरपालिकाको कुनै पनि क्षेत्रबाट ढुंगा, गिटटी, बालुवा संकलन तथा प्रयोग गर्न नदिने र सो निर्णयहरुको पूर्ण कार्यान्वयन गर्न गराउन र सबै वडा समिति तथा नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै यसमा सहयोग गरिदिन जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई समेत अनुरोध गर्ने ।

१२. नगर क्षेत्रको भु बनौट भिरालो भएको र अविरल बर्षाका कारण बिभिन्न स्थानहरुमा आकस्मिक रुपमा हुने भु क्षय तथा बाढी पहिरोको प्रकोप तत्काल रोकथाम तथा नियन्त्रण गरी सार्वजनिक तथा नागरिकहरुको

CamScanner

निजि सम्पती संरक्षण गर्न पूर्व तयारीका लागि आवश्यक पर्ने तारजाली खरिद कार्यका लागि विपद् व्यवस्थापन कोषवाट रु १० लाख खर्च लेख्ने गरी प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

१३. नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, जाजरकोटले USAID को "Nepal Children Endowment Fund" र सेभ द चिल्ड्रेन US का तत्कालीन कार्यकारी प्रमुखले आफ्नी स्वर्गिय छोरीको नाममा स्थापना गरेको Ansley Rose Mae Cormac Fund को ब्याजस्वरुप प्राप्त हुने रकमबाट यस जिल्लाका गरिव तथा दलित बालबालिकाहरुको लागि छात्रबृत्ती कार्यक्रम संचालन गरिरहेको र उक्त कार्यक्रम संचालनका लागि घरभाडा बाहेक अन्य बजेट उपलब्ध नहुने भएकोले कार्यालय प्रयोजनको लागि अत्यावश्यक इन्टरनेट ब्यवस्थाका लागि मिति २०७९।१०।२४, च. नं. ०७३ को पत्रबाट अनुरोध भई आएकोले नेट जडान गरे वापत नेपाल टेलिकमको बील बमोजिमको रकम रु १६,५००।- नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ जाजरकोटलाई उपलब्ध गराउने ।

१४. चालु आ.व. को स्वीकृत कार्यक्रम अनुसार आफ्नै कार्यालय भवन नभएका वडाहरुमा भवन निर्माण गर्ने लक्ष्य अनुसार वडा कार्यालयका भवन निर्माण प्रक्रिया अगाडी बढिरहेको अवस्थामा वडा नं. २ को कार्यालय भवन निर्माणका लागि उपलब्ध रहेको जमिन भिरालो भएको र फिल्ड निर्माण नगरी भवन निर्माण गर्न प्राविधिक कारणले जोखिम देखिएकोले फिल्ड निर्माण सहित भवन निर्माणको ल.ई. गरी भवन निर्माण प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

१५. यस नगरपालिकाको वडा नं. १ कालेगाउँ निवासि राम बहादुर बस्नेतले निजी वन दर्ता गरिपाउँ भनी वन ऐन, २०७६ को दफा ३५ (१) अनुसार डिभिजन वन कार्यालय जाजरकोटको मिति २०७७।१२।३१, च.नं. १४५९ को सिफारिस पत्र तथा अन्य आवश्यक कागजात सहित निवेदन पेश गरेकोले सोही ऐनको दफा ३५ (२) बमोजिम निजि वन दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउने साथै अव उप्रान्त निजि वन दर्ता कार्यविधि तर्जुमा गरी सोही कार्यविधि बमोजिम गर्न कार्यालयलाई निर्देशन दिने ।

१६. यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति, फर्म वा संस्थाले स्वास्थ्य सम्बन्धी सेवा संचालन गर्न अनुमति माग गरेमा प्रचलित कानून बमोजिम संचालन अनुमती दिनका लागि स्वास्थ्य संस्था दर्ता अनुमती तथा नविकरण निर्देशिका, २०७९ स्विकृत गरियो।

१७. यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा अभियान संचालन भई रहेको र उक्त अभियानलाई ससक्त एवम सफल गराउन थप जनशक्ति परिचालन गर्न एवं बालबालिकाको अधिकारको सम्मान, संरक्षण तथा सम्बर्ध्दन कार्य समेत गर्नका लागि बालवालिका ऐन, २०७५ को दफा ६१ (२) र स्थानीय बाल अधिकार समिति संचालन कार्यविधि, २०७९ को बुँदा नं. १३ बमोजिम एक जना बाल कल्याण अधिकारी आवश्यक देखिएकोले सोको पारिश्रमिकका लागि आवश्यक पर्ने बजेट स्रोतको सुनिश्चित गरि नियुक्ति गर्न कार्यालय लाई निर्देशन गर्ने। साथै बालमैत्री नगर घोषणा अभियानको पहिलो चरणमा वडा नं. १, १३ र ८ लाई बालमैत्री वडा घोषणा गर्ने र सोको लागि तोकिएका सबै सूचकहरु पुरा गरी आवश्यक तयारी गर्न सम्बन्धित वडा समिति, समपूर्ण सरोकारवाला निकायहरु र साझेदार संस्थाहरुलाई निर्देशन एवं परिचालन गर्ने ।

१८. यस नगरपालिका अन्तर्गत संचालीत शहरी पूर्वाधार तथा शासकीय सुधार कार्यक्रम (NUGIP) को वजेट तथा कार्यक्रमको सम्झौता, कार्यान्वय र हालसम्मको प्रगती सम्बन्धमा जानकारी गरियो । सम्झौता हुन

बाँकी योजना र वजेट सम्बन्धमा थप छलफल गरी आवश्यक निर्णय लिन कार्यक्रमको नगर समन्वय समिति (MCC) लाई जानकारी गराउने ।

१९. नगरपालिकाको चालु आ.व. २०७९।८० को स्वीकृत कार्यक्रममा नसमेटिएका तर बिभिन्न नियकाबाट माग भई आएका र कार्यान्वयन गर्न आवश्यक देखिएका तपसिलमा उल्लेखित कार्यक्रमका लागि तपसिल बमोजिमको रकम चालु आ.व. को समपुरक अनुदान तथा कुनै कार्यक्रम सम्पन्न हुन नसकी बाँकी हुन आउने शिर्षकबाट खर्च लेख्ने गरी उपलब्ध गराउने ।

| क्र. सं. | कार्यक्रम निकायको नाम | बिनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १. | राउटे, लोपोन्मुख, सीमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपाल | १ लाख ५० हजार | |
| २. | सशस्त्र प्रहरी बल आश्रित गुल्म जाजरकोटको शौचालय निर्माण | २ लाख | |
| ३. | मालपोत कार्यालय जाजरकोटको अभिलेख ब्यवस्थापन | १ लाख ५० हजार | |
| ४. | सिध्देश्वर कृषि फर्म वडा नं.२ लाई स्टोर निर्माणका लागि साझेदारी बापत | १ लाख ५० हजार | |
| ५. | ललित च्याउखेती फर्म वडा नं.६ | ५० हजार | |
| ६. | रानागाउँ बहुउध्देश्ययीय मिनि कवर्ड हल र वडा नं. २ को सिध्देश्वर मन्दिर निर्माणको लागि DPR गर्ने | | |
| ७. | ढिक्कि घेरावार निर्माण वडा नं. ४ | ५० हजार | |
| ८. | सार्वजनिक चौतारो निर्माण वडा नं. १२ | ५० हजार | |

२०. यस नगरपालिकाको वडा नं. ३ स्याँलामा रहेको अस्थाई प्रहरी पोष्टले भेरी नगरपालिका वडा नं. ३ स्याँला निवासि गुलाफ सुनारको ५ कोठाको २ तले प्रयोग गरिरहेको र घरभाडा शिर्षकमा पर्याप्त बजेट नभएकोले नीज घरधनीलाई त्यस नगरपालिकाबाट घरभाडा उपलब्ध गराईदिने भनी जिल्ला प्रहरी कार्यालय जाजरकोटको मिति २०७९।३।१६, च.नं.४०७ को पत्रसहित घरधनी गुलाफ सुनारले मिति २०७९।३।१६ मा पेश गरेको निवेदन उपर छलफल हुँदा मिति २०७७।५।७ गते चौकी स्थापना गर्दा घरधनी स्वयंले केही समयको लागि घरभाडा निशुल्क दिने भनी स्वीकार गरी प्रहरी पोष्ट स्थापना भएको भन्ने बुझिएकोले २०७९।४।१ गते देखि कर सहित मासिक घरभाडा रु ३०००।- अक्षेरुपी तीन हजार रुपैयाँ मात्रै उपलब्ध गराउने ।

२१. गत आ.व.२०७८।७९ मा पोषण सुधारको लागि बजेट उपशिर्षक नं.३६५००१०६ मा रु ६,२५,०००।- बजेट तथा अख्तियारी प्राप्त भएको र अख्तियारी बमोजिम प्रस्तावना आव्हानको सूचना प्रकाशन गरिएकोमा प्रगतिशील महिला बहुउद्देश्यीय सहकारी संस्थाको प्रस्तावना स्वीकृत भई सम्झौता समेत भईसकेकोमा सो आ.व. को अन्तिम चौमासिक अवधिसम्म बजेट फुकुवा नभएकोले कार्यक्रम कार्यान्वयन हुन नसकेको र यस चालु आ.व. २०७९।८० मा संघीय सशर्त अनुदानबाट सोही उपशिर्षकमा रु ६,२५,०००।- को अख्तियारी प्राप्त भएको अवस्थामा उल्लेखित सहकारी संस्थाकी अध्यक्ष हरिकला जैशीले गत आ.व. कै सम्झौता बमोजिम कार्य

२२.यस नगर कार्यापालिकाको कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई स्थलगत अनुगमन तथा प्राविधिक रेखदेखको लागि फिल्डमा धैरै समय खटिनु पर्ने भएकोले उपलब्ध गराउँदै आएको इन्धन बापतको मासिक रु ३०००।- सुविधा खर्च रकम अनुमोदन गर्ने र आगामी दिनमा समेत उक्त सुविधा निरन्तर रुपमा उपलब्ध गराउने ।

२३.साविक जिल्ला विकास समितिबाट नगरपालिकामा समायोजन भएका तथा यस नगरपालिकामा साविक देखि नियुक्ति भई कामकाज गरिरहेका र कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम स्तरबृध्दि नभएका स्थानीय सेवाका कर्मचारीहरुको भेरी नगरपालिकाको स्थानीय सेवा ऐन, २०७९ बमोजिम जेष्ठता र कार्यसम्पादन मूल्यांकनबाट स्तरबृध्दि तथा तह मिलान गर्नुपर्ने भएकोले सहायकस्तर पाँचौं, अधिकृतस्तर छैठौं र सातौं तहका पदहरुको स्तरबृध्दि तथा तह मिलान गर्न पदपुर्ती समितिलाई अनुरोध गर्ने ।

२४.आफ्नै कार्यालय भवन नभएका वडाका कार्यालयहरुको भवन निर्माण गर्न वजेट विनियोजन भएकोमा वडा केन्द्रको विवादका कारण वडा नं १० को समेत कार्यालय भवन बन्न नसक्ने अवस्था देखिएकोले उक्त वजेटबाट वडा नं ११ को वडा कार्यालय भवन निर्माण प्रक्रिया अगाडी बढाउने । साथै वडा नं १० को वडा केन्द्र विवाद निरुपण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७ बमोजिम आवश्यक प्रकृया अगाडी बढाउन वडा नं. १० लाई निर्देशन दिने।

२५. यस नगरपालिकाको विकास निर्माण तथा सुशासनसँग सम्वन्धित गतिविधिहरु सँचालन गर्न भेरी पत्र मिडिया प्रा.लि. भेरी नगरपालिका वडा नं १ मार्फत संचालन गरिने **रेडियो कार्यक्रम हाम्रो पालिकाकोलागि** समपुरक वजेट शिर्षकवाट खर्च लेख्नेगरी रु १ लाख वजेट विनियोजन गर्ने ।

CamScanner